# लेकम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## रातामाटा, दार्चुला,

## सुदूरपश्चिम प्रदेश





# पार्श्वचित्र (PROFILE)





**कार्तिक २०७५**

# जिल्ला तथा पालिकाको नक्शा

## लेकम गाउँपालिकाको प्रशासनिक नक्सा




लेकम गाउँपालिका
श्रोत नक्सा
Legend
वडा कार्यालय
विद्यालय
अस्पताल/स्वास्थ्यचौकी
लेकम गाउँपालिका अन्य श्रोत
लेकम गाउँपालिका,दार्चुला
1
2
3
4
5
6
1 0 1 2 3 4 km


Pasama
पसमा
Ganai
गानाई
Titri
तितरी
Uku
उकु
Malikarjun
Hunainath
Sankarpur
शंकरपुर
दार्चुला
Gwami
Ranisikha
Sitoli
सिटोली
Dadakot
Boharigau
Kanadhar
कनधर
Gokuleshwor
गोकुलेश्वर
Bhaitari
भीतरी
India
Gokuleswor
गोकुलेश्वर
दार्चुला
Sharmauli
Sitad
सीटाड
Chirali
चिरली
Katiyani
कतियानी
Nwali
न्वाली
Shrikedar
श्रीकेदार
Deulek
Kataujpani
कटौजपानी
Shreekot
श्रीकोट
H14
Google My Maps

## गाउँपालिकाको संक्षिप्त झलक

| विषय क्षेत्र | विवरण |
|---|---|
| भौगोलिक तथा प्राकृतिक | अक्षांश - २९ डिग्री ६७ मिनेट उत्तरी |
| | देशान्तर - ८० डिग्री ६७ मिनेट पुर्वी |
| | क्षेत्रफल - ८३.९८ वर्गकिलोमिटर (वस्तुगत विवरण २०७५ अनुसार ९० वर्ग किलोमिटर) |
| | उचाई - ११७०.४ मिटर |
| | जलवायु - .समशितोष्ण |
| | साबिकका गाविस - लाली, शर्मौली, खरकाडा र रिठाचौपाता |
| जनसाङख्यिक | जनसंख्या - पुरुष : ८४६१ महिला :८२१५ तेस्रो लिंगि २ जम्मा : १६६७८ |
| | घरपरिवार संख्या - २५१४ |
| आर्थिक | प्रमुख पेशा - कृषि तथा पशुपालन |
| | आफ्नो उत्पादनले बाह्रै महिना खानपुग्ने परिवार प्रतिशत (%) - २३.०७ |
| | प्रमुख पर्यटकीय क्षेत्र - ६ वटा |
| सामाजिक | शैक्षिक संस्था संख्या - वाल विकास केन्द्रः ०, विद्यालयः ४९, क्याम्पस : १ |
| | साक्षरता दर(%) - महिलाः ३५.०६, पुरुष : ४२.१७, जम्मा : ७७ प्रतिशत |
| | स्वास्थ्य संस्था संख्या - प्रास्वाकेः ०, स्वास्थ्य चौकीः ६, सा.स्वा.ईः ०, प्रसुती गृहः ० |
| | स्वच्छ खानेपानी उपयोग (%) - ३८.३१ |
| | शौचालयको उपयोग (%) - फ्लस भएकोः ७६.६१, साधारणः २३.३५, नभएको :०.०४ |
| | प्रमख धार्मिक सम्पदा - १३ वटा |
| भौतिक | सडक (किमी) - कालोपत्रे : ० ग्राभेल :० कच्ची : ९० |
| | खाना पकाउने उर्जा उपयोग (%) - दाउराः ८२.२, एलपिजी ग्याँसः ०.१, अन्यः १७.७ |
| | वत्ती वाल्ने उर्जा उपयोग (%) - विजुलीः २०.४१, सोलारः ५२.०६, अन्यः २७.५३ |
| | मोवाइल सेवामा पहुँचको अवस्था (%) : २२.८३ ले मोवाईल प्रयोग गर्ने गरेका छन्। |
| | घरको प्रकार (%) छानोको आधारमाः फुस/खरः १६, जस्ताः १, टालय/ढुङ्गा (सिलेट): ८०, सिमेन्टेड ३ |
| वातावरण र विपद | वन क्षेत्र : ४४६ हेक्टर |
| | महत्वपूर्ण जैविक सम्पदा सिम्मे, पांचऔंले आदि. |
| | मुख्य विपद् र क्षति : विपदः पहिरो, हावाहुरी र नदीकटान |

| | |
|---|---|
| | क्षतिः १ करोड २० लाख |
| संस्थागत | गाउँ/नगरपालिका कार्यालय - स्थान : रातामाटा सम्पर्क नं. : |
| | वडा संख्या : ६ |
| | क्रियाशिल अ/गैसस वा कार्यक्रम :गै.स.स. सिआरडिएस, कार्यक्रम गरिवी नक्शाङ्कन |



# प्रकाशकीय

मनतव्य

स्थानीय सरकार सन्चालन २०७४ दफा ११(ङ) अनुसार प्रत्येक गाउंपालिकाले गाउं क्षेत्रको बिकासका लागि गाउंस्तरीय बस्तुगत तथ्याङ्क संकलन गरि गाउंको बस्तुगत बिबरण देखिने स्रोत नक्शा तयार गर्नुपर्ने कानुनी ब्यवस्था रहेको छ । नीतिगत तवरबाट स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ र गाउंपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६६ (संशोधन र परिमार्जन) अनुसार गाउंपालिकाले बिभिन्न क्षत्रको तथ्याङ्क संकलन गरी गाउंको वस्तुगतविवरण ५ बर्षमा अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ | यसका साथै गाउंपालिकाको विकासको विधमान स्थितिको विश्लेषण गरी गाउं विकासको प्रयासलाई दिशानिर्देश गर्न आवधिक तथा बार्षिक गाउं विकास योजना तर्जुमा, योजनाको नतिजामुलक अनुगमन तथा विकासका प्रयासहरुको प्रभावको लेखाजोखा गर्न गाउंकोवस्तुगत विश्लेषण विवरण तयार अधावधिक गर्नु पर्ने नीतिगत व्यवस्था रहेको छ |

गाउंपालिकाको समग्र नेतृत्व, परामर्शदाता इएफआई नेपालको व्यवस्थापकिय सहयोग तथा राजनीतिक दल, सेवाकेन्द्र तथा गाउंपालिकाका समग्र सरोकारवालाको सहभागितामा आवधिक गाउं विकास योजनाको पहिलो भागको रुपमा यस गाउंपालिकाको गाउं वस्तुगत विवरण तयार गरिएको छ | यस वस्तुगत विवरणले यस गाउं क्षेत्रको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु | गाउंपालिकाको घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्क संकलन तथा विश्लेषण गरी गाउंको **भैगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, भोतिक तथा वाताबरणिय र संस्थागत** स्थिति विश्लेषणसहित गाउं विकासको वस्तुगत चित्रण गर्ने प्रमुख उद्देश्य रहेको छ |

अन्त्यमा, लेकम गाउंपालिकाको वस्तुगत विवरण तयारी कार्यमा सहयोग गर्ने परामर्शदाता इएफआई नेपाल, यस गाउंपालिकाका वडा अध्यक्षज्यूहरु, गाउंपालिकाका कर्मचारीहरु, तथा गणकहरुको योगदानको उच्च कदर गर्दै धन्यवाद  दिन चाहन्छु |

धन्यवाद |

परमानन्द जोशी
अध्यक्ष
लेकम गाउंपालिका

# दुई शब्द



स्थानीय सरकार सन्चालन २०७४ दफा ११(ङ) अनुसार प्रत्येक गाउंपालिकाले गाउं क्षेत्रको बिकासका लागि गाउंस्तरीय बस्तुगत तथ्याङ्क संकलन गरि गाउंको बस्तुगत बिबरण देखिने स्रोत नक्शा तयार गर्नुपर्ने कानुनी ब्यवस्था रहेको छ । नीतिगत तवरबाट स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ र गाउंपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६६ (संशोधन र परिमार्जन) अनुसार गाउंपालिकाले बिभिन्न क्षत्रको तथ्याङ्क संकलन गरी गाउंको वस्तुगतविवरण ५ बर्षमा अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ | यसका साथै गाउंपालिकाको विकासको विधमान स्थितिको विश्लेषण गरी गाउं विकासको प्रयासलाई दिशानिर्देश गर्न आवधिक तथा बार्षिक गाउं विकास योजना तर्जुमा, योजनाको नतिजामुलक अनुगमन तथा विकासका प्रयासहरुको प्रभावको लेखाजोखा गर्न गाउंकोवस्तुगत विश्लेषण विवरण तयार अधावधिक गर्नु पर्ने नीतिगत व्यवस्था रहेको छ |

गाउंपालिकाको घरधुरी सर्वेक्षण र संस्थागत तथ्याङ्क संकलन तथा त्यसको विश्लेषण गरी गाउँको **भैगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक, वातावरणिय र संस्थागत** स्थिति विश्लेषणसहित गाउँ विकासको वस्तुगत चित्रण गर्ने प्रमुख उद्देश्य रहेको छ | यस गाउँपालिकाका समग्र नागरिकको जनप्रतिनिधि प्रति रहेको आशा भरोशा र गाउँपालिकाबाट अपेक्षा राखेको विकास र सेवा सुविधा पुरा गर्न गाउँपालिकाको समग्र चित्रण झल्किने पार्श्वचित्र निर्माण गर्न अवस्यक रहेकोले गाउँपालिकाको समग्र नेतृत्वले परामर्शदाता इएफआई नेपालको व्यवस्थापकिय सहयोग तथा राजनीतिक दल, विषयगत सेवाकेन्द्रहरु तथा गाउंपालिकाका समग्र सरोकारवालाको सहभागितामा आवधिक गाउं विकास योजनाको पहिलो भागको रुपमा यस गाउंपालिकाको गाउं वस्तुगत विवरण अर्थात पार्श्वचित्र (e-Profile) तयार गरेको छ | यस पार्श्वचित्रले यस गाउँ क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु |

अन्त्यमा, लेकम गाउंपालिकाको वस्तुगत विवरण तयारी कार्यमा सहयोग गर्ने यस गाउंपालिकाका वडा अध्यक्षज्यू तथा सदस्यज्यूहरु, गाउंपालिकाका कर्मचारीहरु, तथा परामर्शदाता इएफआई नेपाललाई वहाँहरुको मिहिनत र कामको उच्च कदर गर्दे धन्यवाद दिन चाहन्छु |

धन्यवाद |

माधवी जोशी
उपाध्यक्ष
लेकम गाउंपालिका

# मेरो भनाई



स्थानीय सरकार सन्चालन २०७४ दफा ११(ङ) अनुसार प्रत्येक गाउंपालिकाले गाउं छेत्रको बिकासका लागि गाउंस्तरीय बस्तुगत तथ्याङ्क संकलन गरि गाउंको बस्तुगत बिबरण देखिने स्रोत नक्शा तयार गर्नुपर्ने कानुनी ब्यवस्था रहेको छ । नीतिगत तवरबाट स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ र गाउंपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६६ (संशोधन र परिमार्जन) अनुसार गाउंपालिकाले बिभिन्न क्षत्रको तथ्याङ्क संकलन गरी गाउंको वस्तुगतविवरण ५ बर्षमा अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ । तसर्थ लेकम गाउँपालिकाको पार्श्वचित्र (e-Profile) निर्माण गर्ने कार्यको थालनि गरि यस गाउँपालिकाका समग्र जनताको सूचना र सेवामा सहज र सुलभ पहुँच बनाउने योजना रहेको छ ।

गाउंपालिकाको घरधुरी सर्वेक्षण र संस्थागत तथ्याङ्क संकलन तथा त्यसको विश्लेषण गरी गाउँको **भैगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक, वाताबरणिय र संस्थागत** स्थिति विश्लेषणसहित गाउँ विकासको वस्तुगत चित्रण गर्ने प्रमुख उद्देश्य रहेको छ | गाउँपालिकाको समग्र नेतृत्वले परामर्शदाता इएफआई नेपालको व्यवस्थापकिय सहयोग तथा राजनीतिक दल, विषयगत सेवाकेन्द्रहरु तथा गाउंपालिकाका समग्र सरोकारवालाको सहभागितामा आवधिक गाउं विकास योजनाको पहिलो भागको रुपमा यस गाउंपालिकाको गाउं वस्तुगत विवरण अर्थात पार्श्वचित्र (e-Profile) तयार गरेको छ | यस पार्श्वचित्रले यस गाउं क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु |

अन्त्यमा, लेकम गाउंपालिकाको वस्तुगत विवरण अर्थात पार्श्वचित्र (e-Profile) निर्माण गर्ने कार्यमा सहयोग गर्ने यस गाउंपालिकाका वडा अध्यक्षज्यूहरु तथा सदस्यज्यूहरु, गाउंपालिकाका कर्मचारी साथीहरु तथा परामर्शदाता इएफआई नेपाल र अन्य सरोकारवालाहरुको योगदानको उच्च कदर गर्दै सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु |

धन्यवाद |

धर्मराज उपाध्याय

प्रमुख प्रशासकिय अधिकृत

लेकम गाउंपालिका

# Contents


१। पृष्ठभुमि....12

२। बस्तुगत बिबरण प्रकाशन गर्नुको उद्देश्य: ....12

३। तयारी विधि तथा प्रक्रियाहरु:....13

४। बस्तुगत विबरणको सिमा ....13

५। गाउं पालिकाको परिचय ....15

५।१। ऐतिहासिक पृष्ठभूमि:....15

५।२। अवस्थिति (सिमाना):....15

६। मुख्य वस्ती सम्वन्धि विवरणहरु....16

६।१। वडागत रुपमा जनसंख्या विवरण....17

६।२। लिंग अनुसारको जनसंख्या विवरण (वडागत रुपमा) ....18

६।३। उमेर र लिंग अनुसार जनसंख्या विवरण....18

६।४। जातीगत जनसंख्याको विवरण (वडागत विवरण) ....20

६।५। धर्म, भाषा अनुसार जनसंख्या विवरण....21

६।६। पेशागतरुपमा घरधुरीको विवरण....21

६।७ वडागत घरमुलीको विवरण ....23

६।८। अपांगताको अवस्था....23

६।९। व्यक्तिगत घटना र नागरिकता सम्वन्धि ....25

६।१०। सामाजिक सुरक्षाबाट लाभान्वित वितरण ....26

६।११। वडा र गाउँपालिकाबाट गरिएको विभिन्न प्रकारका सिफारिसको विवरण....27

७ शैक्षिक अवस्था....28

७।१। लिंगका आधारमा शैक्षिक अवस्था ....28

7.2. तहगत रुपमा विद्यालय तथा विद्यार्थि विवरण ....29

७।३। विद्यालहरुमा शौचालयको विवरण ....30

७।४। तहगत शिक्षक बिवरण....31

७।५। विद्यालय स्तरमा रहेका वाल क्लवको विवरण ....32

७।६। गाउँपालिकाको स्वास्थ्य विवरण ....33

७।६।१। विद्यमान स्वास्थ्य सेवाहरु ....33

७।६।२। खोप सम्वन्धि विवरण ....34

७६।३। विगत १ वर्षहरुको पोषणको अवस्था ....................................................................................................35

७।७। वडा अनुसार खानेपानीको अवस्था ....................................................................................................36

७।८। वडा अनुसार शौचालयको अवस्था ....................................................................................................37

८। कला तथा संस्कृति....................................................................................................38

८।१। पर्यटकीय स्थलहरुको विवरण (धार्मिक/ऐतिहासिक/पुरातात्विक) ....................................................................................................38

९। मुख्य चाड, पर्व,मेला जात्राहरु ....................................................................................................39

१०। बैंक तथा वित्तिय संघ संस्थाहरु....................................................................................................40

११। सहकारी संस्थाहरुको विवरणः....................................................................................................40

१२। भू उपयोग र स्वामित्व ....................................................................................................41

१२।१। गाउँपालिकाको वर्तमान भू-उपयोग सम्बन्धी विवरण....................................................................................................41

१२।२। भूस्वामित्व सम्वन्धी विवरण....................................................................................................41

१२।३। सार्वजनिक पाटी पौवा, चौतारा र जग्गा सम्वन्धि विवरण ....................................................................................................42

१२।४। वडागत घरधुरीको प्रकार....................................................................................................42

१२।५। ोजगारीको अवस्था ....................................................................................................43

१२।६। औद्योगिक तथा व्यापार, व्यवसाय (निर्माण व्यवसायी समेत) सम्बन्धी विवरण....................................................................................................44

१२।७। कृषि तथा पशु विकास ....................................................................................................45

१२।७।१। खाद्यान्न परिपूर्तिका र अवस्था ....................................................................................................45

१२।७।२। व्यवसाय र पशुपालनको अवस्था ....................................................................................................46

१२।७।३। सिंचित क्षेत्रफलको विवरण....................................................................................................47

१३। पूर्वाधार विकास....................................................................................................48

१३।१। खेलकुद तथा मनोरञ्जन ....................................................................................................48

१३।२। लेकम गाउँपालिकाको श्रोत विवरण....................................................................................................48

१३।३। गाउंभित्र पक्की तथा आरसिसि पुल, कल्भर्ट तथा झोलुगें पुलहरुको विवरण :....................................................................................................50

१३।४। सामुदायिक भवनहरुको विवरण....................................................................................................50

१३।५। शवदाह, पशु वधशालाको विवरण ....................................................................................................50

१३।६। सडक सञ्जालको विद्यमान अवस्था ....................................................................................................51

१४। वन क्षेत्र/नर्सरी सम्वन्धी विवरण....................................................................................................51

१४।१। प्रकोपबाट भएको क्षति सम्बन्धी विवरण (आ.व. २०७४-०७५को) ....................................................................................................52

१४।२। गाउंपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्मको दूरी....................................................................................................52

१५। संस्थागत र सुशासनको अवस्था....................................................................................................53

१५।१।	गाउंपालिकाको जनप्रतिनिधि पदाधिकारीहरुको विवरण ........ 53
१५।२।	गाउँपालिकाको कार्यालयमा हाल कार्यरत कर्मचारीहरुको विवरण ........ 54
१५।३।	गाउँपालिकामा रहेका राजनीतिक दलहरुको विवरण ........ 56
१५।४।	गाउँपालिका/नगरपालिका आफैले  बनाएका नियम र विनियमहरुको विवरण ........ 57

# खण्ड - १

# परिचय

## १। पृष्ठभुमि

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रत्येक गाउंपालिकाले आफ्नो गाउं क्षेत्रको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्नेछ । यसैगरि गाउंपालिकाले योजना तर्जुमा गर्दा गाउंको विकास सन्तुलित र नियोजित तुल्याउन आवश्यकता अनुसार भू-उपयोग, भू-एकिकरण र निर्देशित जग्गा विकास जस्ता योजना संचालन गर्नुपर्ने व्यवस्था गरेको छ ।

यसैगरि स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ र गाउंपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६६ (संशोधन र परिमार्जन) अनुसार गाउंपालिकाले विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरि गाउंको वस्तुगत झल्किने विवरण तयार गरि ५ बर्षमा अधावधिक गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ। गाउंपालिकाको विकासको प्रतिफल मापन गर्नका लागि गाउंको वर्तमान अवस्थाको विश्लेषण गर्नुपर्ने हुन्छ। यसका आधारमा आवधिक तथा बार्षिक गाउं विकास योजना तर्जुमा, योजनाको नतिजामुलक अनुगमन तथा गाउं विकासका प्रयासहरुको प्रभावको लेखाजोखा गर्न गाउंवस्तुगत विश्लेषण विवरण तयार तथा अधावधिक गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ।

गाउं वस्तुगत विवरणले गाउंपालिकाको सुशासन प्रवर्द्धन, सामाजिक सशक्तिकरण तथा विकास प्रतिफल अभिवृदिद् गर्न प्रमुख भुमिका खेलेको हुन्छ। यसको अलावा नेपालको संविधान २०७२ ले स्थानीय शासन सम्बन्धि गरेको संवैधानिक व्यवस्था अनुसार शासन सञ्चालनमा केन्द्रिय, प्रादेशिक तथा स्थानीय सरकारको अवधारणालाई अगाडि ल्याएको छ।

माथि उल्लेखित कानुनि तथा नीतिगत व्यवस्था र योजनाबद्द तथा दिगो रुपमा गाउंको विकास गर्नका लागि गाउंको वस्तुस्थति विवरण तथा श्रोत नक्शा आवश्यक पर्ने हुन्छ। गाउंको विधमान अस्थाको विश्लेषण गरी यसैको आधारमा गाउंको आवधिक योजना तथा बार्षिक योजना तयार गर्न गाउंका विभिन्न स्रोतहरुबाट तथ्याङक संकलन गरी संकलित तथ्याङको आधारमा आवधिक गाउं विकास योजनाको पहिलो भागको रुपमा गाउं वस्तुस्थिति चित्रण तथा विश्लेषण दस्तावेज तयार गरिएको छ।

## २। बस्तुगत बिबरण प्रकाशन गर्नुको उद्देश्य:

लेकम गाउंपालिकाको विभिन्न पक्षका तथ्याङ्कलाई घरधुरी सर्वेक्षण फाराम तथा संस्थागत तथ्याङ संकलन फारामबाट गाउंको **भैगोलिक**, **जनसाँख्यिक, आर्थिक, सामाजिक, भैतिक तथा वातावरणीय र संस्थागत** सम्बन्धी वर्तमान स्थितिको वोश्लेषणसहित गाउं विकासको वस्तुगत विवरण तयार पार्ने प्रमुख उदेश्य रहेको छ। यसका अन्य विशिष्ट उदेश्य देहायअनुसार रहेको छ

- गाउंपालिकाको **भैगोलिक, जनसाँख्यिक, आर्थिक, सामाजिक, भैतिक तथा वातावरणिय र संस्थागत** लगायत यथार्त तथ्याकं संकलन गरि ब्यबस्थित रुपमा राखनु ।
- पालिकाको सेवा प्रवाहलाई सुलभ र सरलिकृत बनाउनु ।
- गाउंपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङनको लागि विषयगत र सामाजिक रुपमा खण्डीकृत र एकिकृत अधावधिक सूचना विवरण उपलब्ध गराउनु।
- खण्डीकृत र एकिकृत अधावधिक सूचनामा आधारित भई आवधिक तथा वार्षिक योजना तर्जुमा गर्ने प्रकृयामा महत्वपूंर्ण योगदन पुर्याउनु।
- गाउंको विकाससंग सम्बन्धित विषयगत कार्यालय लगायत गाउंको विकासमा चांसो राख्ने व्यक्ति, अध्ययन अनुसन्धानकर्तालाई वस्तुपरक तथ्य उपलब्ध गराउनु।
- विकासका साझेदार निकायलाई प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्याउनु।
- गाउंको भैतिक, प्राविधिक, मानवीय तथा वित्तिय स्रोतसाधनको स्थिति र उपलब्धताबारे विश्लेषण गर्नु।
- घरधुरी सर्वेक्षण र दितिय श्रोत (गाउंपालिका, सेवा केन्द्र, संघ/ संस्थाको अध्ययन सर्वेक्षण तथा प्रगति प्रतिवेदन) बाट प्राप्त तथ्याङ एकमुष्ट र विश्लेषण गरी विषयगत रुपमा गाउंको एकिकृत वस्तुगत विवरण तयार गर्ने।

## ३। तयारी विधि तथा प्रक्रियाहरु:

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तत् सम्बन्धी नियमावली, २०५३ तथा विभिन्न गाउंपालिकाहरुले विगतमा अभ्यास गरेका र संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट जारी गाउंपालिकाको वस्तुगत विवरण ढाँचा अनुसार यस गाउंपालिकाको वस्तुगत विवरण तयार गरिएको छ। यस गाउं वस्तुगत विवरण, आवधिक गाउं विकास योजना तथा वार्षिक योजनाको तयारीको लागि आधाररेखा सूचना र गाउं विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि आधारभूत सूचनाको आधार हुनेछ। गाउं वस्तुगत विवरण राष्ट्रिय योजना आयोगबाट अन्तिम मस्यैदाका रुपमा आएको आवधिक जिल्ला तथा गाउं विकास योजना तर्जुमा सम्बन्धी निर्देशिकाको पूर्ण अनुशरण गरी निर्देशिकामा उल्लेख गरिएको सम्पूर्ण विधि प्रक्रिया अवलम्बन गरी यो दस्तावेज तयार गरिएको छ।

## ४। बस्तुगत विबरणको सिमा

गाउँपालिका वस्तुगत विवरणमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलायले उपलब्ध गराएको गराएको ढाँचा, गाउँपालिका पदाधिकारीको सल्लाह सुझाव, स्थानीय सरकार संचालन ऐन २०७४ र विगतमा भईरहेका अभ्यासका आधारमा गाउँपालिकाको वर्तमान आवश्यकता अनुसार गाउँपालिकाको वस्तुगत विवरण तयार पारिएको छ । यस विवरणमा घरधुरी सर्वेक्षण, अध्यावधिक संस्थागत तथ्यांक र स्रोत नक्सांकन मुख्य स्रोतका रुपमा रहेका छन् । यी स्रोतहरु प्राथमिक सर्वेक्षणका आधारमा संकलन गरीएको छ । सूचना तथा तथ्यांकको उचित प्रयोग होस र भविष्यमा यसले गाउँपालिकको योजना, वजेट तर्जुमामा प्रभावकारी भूमिका निर्वाह गरोस् भन्ने उद्देश्यका साथ तथ्यांकलाई यथासम्भव लैंगिक तथा सामाजिक खण्डीकृत गरी विश्लेषण गर्ने प्रयास भएको छ । सूचनालाई राष्ट्रिय जनगणना २०६८ संग पनि तुलना गर्ने कोशिश गरीएको छ । कुनै

कुनै सूचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेव साईट बाट सन्दर्भका रुपमा राखिएको छ । स्थानीय सरकार वनिसकेपछिको यो वस्तुगत विवरण पहिलो भएको कारण यसको संकलनका क्रममा कतिपय सूचनाहरु लिन छुटेको पनि हुन सक्छ त्यसकारण यी छुटेका कुराहरुलाई समय समयमा अध्यावधिक र परिमार्जन गर्दै लगिने छ ।

# खण्ड - २

## ५। गाउं पालिकाको परिचय

### ५।१। ऐतिहासिक पृष्ठभूमि:

लेकम गाउंपालिका गठन हुनु भन्दा पहिला दार्चुला जिल्लालाई चारवटा क्षेत्र लेकम गर्खा, दूंगर्खा व्याँस गर्खा र मार्मा गर्खामा विभाजन गरिएको थियो । लेकम गर्खाको सिमाना उत्तरमा हालको महाकाली नगरपालिकाको नमस्कार भन्ने ठाउंसम्म, पुर्वमा शैल्यशिखरको बिटुले र देथला भन्दा तल तथा दक्षिणमा चौलानी नदीसम्म रहेको थियो भन्ने इतिहास छ । तत्कालिन लेकम गर्खा भित्र हाल मालिकार्जुन गाउंपालिका, शैल्यशिखर नगरपालिका तथा लेकम गाउँपालिका रहेका छन । लेकम गाउँपालिका तत्कालिन लेकम गर्खाको मुख्य क्षेत्र भएकोले यस गाउंपालिकाको नाम लेकम गाउंपालिका राखिएको छ ।

गाउँपालिका वस्तुगत विवरणमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलायले उपलब्ध गराएको गराएको ढाँचा, गाउँपालिका पदाधिकारी एबम् कर्मचारहिरुको सल्लाह सुझाव, स्थानीय सरकार संचालन ऐन २०७४ र विगतमा भईरहेका अभ्यासका आधारमा गाउँपालिकाको वर्तमान आवश्यकता अनुसार गाउँपालिकाको वस्तुगत विवरण (e-Profile) तयार पारिएको छ । यस विवरणमा घरधुरी सर्वेक्षण, अध्यावधिक संस्थागत तथ्यांक र स्रोत नक्सांकन मुख्य स्रोतका रुपमा रहेका छन् । यी स्रोतहरु प्राथमिक सर्वेक्षणका आधारमा संकलन गरीएको छ । सूचना तथा तथ्यांकको उचित प्रयोग होस र भविष्यमा यसले गाउँपालिकको योजना, वजेट तर्जुमामा प्रभावकारी भूमिका निर्वाह गरोस् भन्ने उद्देश्यका साथ तथ्यांकलाई यथासम्भव लैंगिक तथा सामाजिक खण्डीकृत गरी विश्लेषण गर्ने प्रयास भएको छ । सूचनालाई राष्ट्रिय जनगणना २०६८ संग पनि तुलना गर्ने कोशिश गरीएको छ । कुनै कुनै सूचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेव साईटबाट सन्दर्भका रुपमा राखिएको छ । स्थानीय सरकार वनिसकेपछिको यो वस्तुगत विवरण पहिलो भएको कारण यसको संकलनका क्रममा कतिपय सूचनाहरु लिन छुटेको पनि हुन सक्छ त्यसकारण यी छुटेका कुराहरुलाई समय समयमा अध्यावधिक र परिमार्जन गर्दै लगिने छ ।

### ५।२। अवस्थिति (सिमाना):

लेकम गाउंपालिको उत्तर तर्फ मालिकार्जुन गाउंपालिका तथा शैल्यशिखर नगरपालिका, पुर्वमा शैल्यशिखर नगरपालिका तथा चौलानी नदी तथा दक्षिणमा बैतडी जिल्लाको चौलानी नदी पर्दछ ।

# खण्ड – ३

# पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

## ६। मुख्य वस्ती सम्वन्धि विवरणहरु

लेकम गाउँपालिकामा साविकका ४ वटा गाविसहरु (शर्मौली, लाली, खरकडा र रिठाचौपाता) मिलि हाल ६ वटा वडाहरुमा विभाजित भएको छ । प्रारम्भिक तथ्यांक अनुसार वडा नम्वर १ देखि ६ सम्म क्रमशः २८, १९, २६, ४७, ३१ र १९ गरी जम्मा १७० वटा वस्तीहरु अवस्थित रहेका छन् । गाउँपालिकको केन्द्रसम्म पनि सडक नपुगेको अवस्थामा यी वस्तीहरुमा सडक वाटो पुग्न अझै केही वर्षहरु लाग्न सक्छ । यी वस्तीहरु सामाजिक विकास (शिक्षा, स्वास्थ्य, सूचना) र भौतिक पूर्वाधार (सडक, खानेपानी, विद्युत, सिंचाई), आर्थिक, शैक्षिक, स्वास्थ्य सबै हिसाबले पिछडीएको वस्तीहरुमा पर्दछन् । यस क्षेत्रको विकासका लागी सिंगो गाउँपालिकाले मात्र नभई राष्ट्रिय, अन्तराष्ट्रि संघ, सस्था, नीजि संस्थानहरुसँगको सहकार्य अपरिहार्य हुन आउँछ । साथै यस वस्तीका जनताहरुको आधारभूत आवस्यकताको सम्वोधन नै पहिलो प्राथमिकतामा पर्नुपर्दछ भन्ने प्राप्त तथ्यांकले देखाउँदछ । यस गाउँपालिकाको मुख्य वस्तीको विवरण तलको तालिकामा उल्लेखित गरिएको छ ।

| वडा नं | घरधुरी | टोल, गाउँ |
|---|---|---|
| १ | ४४४ | पट्टयुडी, जोगिकोईराली, गखडे, खिरी, ग्वालीखेत, जोगिभण्डार, सेलुना, गाँजरी, वुढाकोट, ढकनाघर, तोली, चडी, कोठार, वुढाकोट, मल्लागाउँ, भण्डोली, हिउँन्यागैर, कोठार, दुरकाँडा, वित्थड, सेजा, विन्खाली, सेलाजी, नालीवित्थड, चौड, सर्मोली, कोगर, वडीपुर |
| २ | ४१० | लेकम, गराडी, पिपलकोट, ढकारा, विटौरा, गाँड, गाणागाउँ, कुणी, डाँडामा, खोली, सुगरखाली, देउमा, कट्या, घारवर्ष, देउमा, भटाईजर, कुमलकाडा, कैनोडा, सल्ला |
| ३ | ३५९ | राडम, वंतड, वकारावाटा, सक्यापानी, झाडवे, किमतड, गजिराड, न्यालपारी, उकुमा, गुमाखोली, तरला, लाली, ऐरपाली, मानविसा, मकला, गोईलाडी, मैची, मक्कना, रतौडा, मक्का, कसकाडा, कल्ली, कौलैती, खम्तड |
| ४ | ५०४ | बाचपाली, जोगिकोईराली, जोगीभण्डार, मानविसा, ठुलढुँगो, बुढाकोट, बल्लेती, रातामाटा, मानविसा, लेक, भाडी, खौला, थापली, खरकुच्चा, थापली, ग्यामी, रिठेपातल, खरकाडा, ल्यावाटा, रामलापजी, फलाती, कनाडा, तोली, रामीखेत, टकना, बुराउसे, झनडा, दउ, पैतोली, कफलाइमी, पाती, पैसखोला, ल्वाकोट, गईर, आँठा, गोदाली, कोटेरा, ओडीगाउँ, मरेला, पुलुई, थाला, दगिमाईन, दमसैना, लेकाइजार, भालहाना |
| ५ | ४६७ | मखौली, रिडा, रिठा, पिड, गोगना, बाग्खोला, नचेना, बैग्जयावाला, कफल्यावगड, कनाडी, फाल्दा, सिमखेत, बमनेत, पिरतोली, असिन्याडी, ओन्याडी, धनकुन्या, डुबगाउँ, पुनाकोट, अमकुर, लामाईजर, घाडेढुंगा, पोलेखानी, तिमलाखानी, राताकोठा, राताकोठा, सिराडे, कालाकोट, अमकुरदोलेपाटा, दोलेपाटा |
| ६ | ३३० | गणेत, तिउनेगाउँ, तेलीगाउँ, घोडेशिला, उचाकोट, सैना, सल्याडी, मल्लेउसैना, पतमडा मेल्लाउ, पतमडा सैना, थापली, मैखोला इजर, सल्ला मल्लाउ, गणेपातल, जुग्यापानी, स्याल्डी, सिरोडा, गजी खत्री |
| जम्मा | २५१४ | |


## ६।१। वडागत रुपमा जनसंख्या विवरण

यस लेकम गाउँपालिकामा जम्मा ६ ओटा वडा रहेको छन् । जसमध्ये सबैभन्दा धेरै घरपरिवार वडा नम्बर ४ मा रहेको छ । गाउँपालिकाको कुल ८४१६ पुरुष, ८२१६ महिला र दुई जना तेस्रो लिंगी गरी जम्मा १६६७९ जनसंख्या छ । जनसंख्याको हिसाबले सबैभन्दा ठूलो वडा नम्बर ५ रहेको छ जसमा ४६७ घरपरिवार संख्या रहेको छ, पुरुष १६१६ र महिला १५८८ गरी कुल जनसंख्या ३२०४ रहेको छ । त्यसैगरी सबैभन्दा कम ३३० घरपरिवार भएको वडा ६ नम्वर रहेको छ भने जनसंख्याको हिसाबले गाउँपालिकाको सबैभन्दा सानो ३ नम्वर वडा रहेको छ । जसमा १२४९ पुरुष र ११३६ महिला गरी जम्मा २३८५ जनसंख्या रहेको छ । वडाको घर परिवार संख्या, महिला र पुरुषको संख्या सहित वडा पिच्छेको जनसंख्याको विवरण तल तालिका र ग्राफमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ वडागत जनसंख्या विवरण**

| वडा नं. | घरधुरी | महिला | पुरुष | तेस्रो लिंगी | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| १ | ४४४ | १३२६ | १४०८ | १ | २७३५ |
| २ | ४१० | १२६४ | १३०६ | ० | २५७० |
| ३ | ३५९ | ११३६ | १२४९ | ० | २३८५ |
| ४ | ५०४ | १५२३ | १५६६ | १ | ३०९० |
| ५ | ४६७ | १५८८ | १६१६ | ० | ३२०४ |
| ६ | ३३० | १३७९ | १३१६ | ० | २६९५ |
| जम्मा | २५१४ | ८२१६ | ८४६१ | २ | १६६७९ |

**चार्ट १: वडा अनुसार जनसंख्याको विवरण**



### ६।२। लिंग अनुसारको जनसंख्या विवरण (वडागत रुपमा)

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तहको विवरण पोर्टल अनुसार यस गाउँपालिकाको जनसंख्या १४८३८ रहेकोमा हाल वस्तुगत विवरण संकलन गर्दाको विवरणमा उक्त गाउँपालिकाको कुल जनसंख्या १६६७८ रहेको छ । जसमा महिला ८२१५ (४९.२६ प्रतिशत) रहेका छन्, पुरुष ८४६१ (५०.७३ प्रतिशत) रहेका छन् भने २ जना (०.०१ प्रतिशत) तेस्रो लिंगी रहेका छन् । यो तथ्यांक हेर्दा पुरुषको भन्दा महिलाको संख्या २४७ ले कम देखिन्छ। गाउँपालिकाको जनसंख्याको हिसाबले सबैभन्दा ठूलो वडा ५ नम्वर देखिन्छ जसमा १८.९४ प्रतिशत जनसंख्या रहेको छ भने सबैभन्दा सानो वडा ३ नम्वर जहाँ १४.१० प्रतिशत जनसंख्या रहेको छ।

**तालिका नं. २: लिंग अनुसारको जनसंख्या विवरण**

| वडा नं. | महिला | पुरुष | तेस्रो लिंगी | जम्मा | प्रतिशत (%) |
|---|---|---|---|---|---|
| १ | १३२५ | १४०८ | १ | २७३४ | १६.१६ |
| २ | १२६४ | १३०६ | ० | २५७० | १५.१९ |
| ३ | ११३६ | १२४९ | ० | २३८५ | १४.१० |
| ४ | १५२३ | १५६६ | १ | ३०९० | १८.२६ |
| ५ | १५८८ | १६१६ | ० | ३२०४ | १८.९४ |
| ६ | १३७९ | १३१६ | ० | २६९५ | १५.९३ |
| जम्मा | ८२१५ | ८४६१ | २ | १६६७८ | १०० |
| प्रतिशत (%) | ४९.२६ | ५०.७३ | ०.०१ | १०० | |

### ६।३। उमेर र लिंग अनुसार जनसंख्या विवरण


लेकम गाउँपालिकाको कुल जनसख्या १६९१४ मध्ये सबै भन्दा कम ७० वर्षभन्दा माथीका पुरुषको र महिलाको संख्या क्रमश: १.७१ र २.५८ प्रतिशत रहेको छ, त्यसैगरी ५ मुनिका वालिकाको संख्या जम्मा ९.५५ प्रतिशत, भने सबैभन्दा वढी २६ देखि ४० उमेर समूहका मानिसको जनसंख्या २५.०३ प्रतिशत रहेको छ। त्यसपछि १५ देखि २५ वर्षसमुहका पुरुष र महिला जनसंख्या २०.८९ प्रतिशत रहेको देखिन्छ। यस तथ्याकंले गाउँपालिकामा उत्पादकमूलक जनशक्ति राम्रो भएको देखिन्छ । जुन गाउँपालिकाको सामाजिक तथा आर्थिक विकासगर्नका लागी अवसर पनि हो । यस जनशक्तिलाई गाउँपालिका भित्र नै आयआर्जनमुलक पेशामा संलग्न गराउन सकेमा गाउँपालिकाबाट नै गरिवी उन्मुलन गर्न सकिन्छ। जसका गाउँपालिकासँग अल्पकालीन तथा दीर्घकालिन रणनीतिहरु हुन आवश्यक छ । वडा अनुसारको जनसांख्यिकीय विवरण तलको चार्ट र तालिकाबाट लिन सकिन्छ।

**तालिका नं.३ उमेर र लिंग अनुसारको जनसंख्या विवरण**

| उमेर अनुसार जनसंख्या विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बाड नं | १ | २ | ३ | ४ | ५ | ६ | कुल जम्मा | प्रतिशत (%) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **५ बर्ष मूनि महिला** | ९७ | ११३ | ९३ | १३२ | १६६ | १५२ | ७५३ | ४.४५ |
| **५ बर्ष मूनिका पुरुष** | १४१ | १२१ | १३७ | १६२ | १५६ | १४५ | ८६२ | ५.१० |
| **६-१४ बर्ष महिला** | २५० | २६६ | २०३ | ३०५ | ३१५ | ३०० | १६३९ | ९.६९ |
| **६-१४ बर्ष पुरुष** | ३१७ | ३४० | २३२ | ३१७ | ३५५ | २९५ | १८५६ | १०.९७ |
| **१५-२५ बर्ष महिला** | २८१ | २४१ | २२८ | ३३० | ३१९ | २७८ | १६७७ | ९.९१ |
| **१५-२५ बर्ष पुरुष** | ३१० | २७० | २७६ | ३७४ | ३६७ | २७९ | १८७६ | ११.०९ |
| **२६-४० बर्ष महिला** | ३६९ | ३२२ | ३०५ | ३७६ | ३६७ | ३३५ | २०७४ | १२.२६ |
| **२६-४० बर्ष पुरुष** | ३७९ | ३३१ | ३४१ | ३९० | ३९४ | ३२४ | २१५९ | १२.७६ |
| **४१-६९ बर्ष महिला** | २४९ | २४२ | २३६ | ३०७ | ३५२ | २५१ | १६३७ | ९.६८ |
| **४१-६९ बर्ष पुरुष** | २१४ | २०६ | २२३ | २६० | २९१ | २२३ | १४१७ | ८.३८ |
| **७० बर्ष माथि महिला** | ७९ | ८३ | ७१ | ७१ | ६९ | ६३ | ४३६ | २.५८ |
| **७० बर्ष माथि पुरुष** | ४८ | ३६ | ४० | ६३ | ५३ | ५० | २९० | १.७१ |
| तेस्रो लिंगी | १ | | | १ | | | २ | ०.०१ |
| **जम्मा महिला** | १३२५ | १२६४ | ११३६ | **१५२३** | १५८८ | १३७९ | ८२१५ | ४८.५७ |
| **जम्मा पुरुष** | १४०८ | १३०६ | १२४९ | **१५६६** | १६१६ | १३१६ | ८४६१ | ५०.०२ |
| **कुल जम्मा** | २७३४ | २५७० | २३८५ | **३०८९** | ३२०४ | २६९५ | १६६७७ | ९८.६० |

**चार्ट २. उमेर र लिंग अनुसारको जनसंख्या विवरण**




### ६।४। जातीगत जनसंख्याको विवरण (वडागत विवरण)

लेकम गाउँपालिकाको वस्तुगत तथ्यांक, २०७५ अनुसार गाउँपालिकामा रहेका कुल १६९१४ जनसंख्यामा र २५१४ घरपरिवारमा ब्राह्मण, क्षेत्री, दलित, ठकुरी र दशनामी जातजातिहरुको वसोवास हुदै आएको पहिचान भएको छ । क्षेत्रीहरुको वाहुल्यता रहेको यस गाउँपालिकामा १०७५ घरपरिवार क्षेत्रीहरुको रहेको पाईन्छ, त्यसपछि ब्राह्मणको वस्ती ८३५ घरपरिवार रहेका छन् भने सवैभन्दा कम अन्य (ठकुरी र दशनामी) २६० घरपरिवारमात्र रहेको पाईन्छ । वडागत रुपमा हेर्दा सवैभन्दा वढी क्षेत्रीहरुको वसोवास वडा नं.१ मा रहेको पाईन्छ जसमा कुल घरधुरी ४४४ मध्ये ३५३ घरपरिवार क्षेत्री जातीहरुको रहेको छ त्यसैगरी सवैभन्दा वढी ब्राह्मण समुदायको वस्ती वडा नं. २ मा रहेको छ जसमा जम्मा ४१० घरधुरी मध्ये २४१ घरधुरी ब्राह्मण जातिको रहेको छ । वडागत जातिगत विवरण तलको तालिका र चार्टबाट प्रस्ट हुन्छ ।

तालिका नं.४ जातिगत घरधुरी विवरण

| वडा नं | जम्मा घरधुरी | जातिगत घरधुरी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **ब्राह्मण** | **क्षेत्री** | **जनजाति** | **दलित** | **अन्य ( ठकुरी र दशनामी)** | **मुख्य जातजाति** |
| १ | ४४४ | ६४ | ३५३ | ० | २७ | | ओझा, कार्की, पन्त, कामी, खत्री, जोशी, ठगुन्ना, दमाई, धामी, ध्वर्मी, नागरी, विष्ट, वोहरा, भट्ट, रावल, लावड, वादी, साउद, सार्की |
| २ | ४१० | २२१ | १०४ | ० | ८५ | | कार्की, टमटा, खत्री, जोशी, ठगुन्ना, दमाई, धामी, विष्ट, वोहरा, भट्ट, लावड, सार्की |
| ३ | ३५९ | १५१ | १११ | ० | ८८ | ९ | अवस्थि, पन्त, भट्ट, जोशी, चन्द, ऐरी, खत्री, विष्ट, भण्डारी, महर, मार्कण्ड, ठगुन्ना, थापा, धामी, कामी, टमटा, पहरी, पार्की, पुजारा, वि.क., लुहार, सार्की |
| ४ | ५०४ | ११७ | १०८ | ० | ९९ | १८० | अवस्थी, ओझा, कठायत, कामी, कुँवर, खत्री, पाल, गिरी, चुनारा, जोशी, ठगुन्ना, टमटा, धामी, पन्त, सार्की, दमाई, पाठक, पार्की, विष्ट, भट्ट, भाट, लुहार, लावड, वादी, वगाल, वस्नेत |
| ५ | ४६७ | १९९ | २४१ | ० | २३ | ४ | खत्री, मिश्र, लुहार, साउद, गिरी, जोशी, धामी, सार्की, दमाई, विष्ट, भट्ट, भाट, लुहार, |
| ६ | ३३० | ८३ | १५८ | ० | २२ | ६७ | कार्की, कामी, मिश्र, नाथ, महर, लावड, लुहार पन्त, खत्री, दमाई, धामी, भाट, वोहरा, भट्ट, सार्की |
| **जम्मा** | **२५१४** | **८३५** | **१०७५** | **०** | **३४४** | **२६०** | |

चार्ट ३ जातिगत घरधुरी विवरण




## ६।५। धर्म, भाषा अनुसार जनसंख्या विवरण

यस लेकम गाउँपालिकामा रहेका कुल २५१४ घरधुरी मध्ये कुनै पनि घरधुरीले हिन्दु धर्म वाहेक अन्य धर्म नमान्ने गरेको देखियो । सवै घरपरिवारले तथा जातजातिले एकै खालका स्थानीय चाडपर्व, मेलापर्व मान्ने गरेको देखियो । त्यसैगरी यो गाउँपालिका आफ्नै खालको भेषभूषा र भाषाको धनी भएको देखियो जसले गर्दा सामाजिक सौहार्दता अन्त्यन्त राम्रो पनि देखिन्छ । वडा नं.२ का केही घरपरिवार वाहेक यस गाउँपालिकामा ९९.३६ प्रतिशत घरपरिवारले स्थानीय लेकमाली भाषा वोल्ने देखियो भने ०.६४ प्रतिशतले मात्र नेपाली भाषा वोल्ने गरेको पाईयो ।

तालिका नं.५ भाषा अनुसारको घरधुरी विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | प्रतिशत (%) |
|---|---|---|---|---|---|---|---|---|
| लेकमाली | ४४४ | ३९४ | ३५९ | ५०४ | ४६७ | ३३० | २४९८ | ९९.३६ |
| नेपाली | ० | १६ | ० | ० | ० | ० | १६ | ०.६४ |

## ६।६। पेशागतरुपमा घरधुरीको विवरण


उमेरगत जनसंख्याको हिसाबले हेर्दा यस गाउँपालिकामा ४७.२९ प्रतिशत आर्थिक रुपमा सशक्त जनशक्तिका रहेको देखिएतापनि ९६.७० प्रतिशत (२४३१) घरधुरीको मुख्य पेशाका कृषि खेती नै रहेको पाईयो । सो पेशा व्यवसायिक भन्दा पनि गुजाराका रुपमा गर्दै आएको पाईन्छ । त्यसैगरी २.०३ प्रतिशत (५१) घरधुरीले सरकारी तथा गैरसरकारी जागिरबाट जिवन निर्वाह गर्ने गरेको पाईयो जसमा खासगरी शिक्षक, सेना, प्रहरी रहेको पाईयो भने ०.२८ प्रतिशत (७ घरधुरी) विभिन्न प्रकारका व्यापारमा लागेको

पाईयो २५ घरपरिवारले विभिन्न पेशाहरु जस्तै मिस्त्री, सिलाईकटाई र अन्य काम गर्ने गरेको पाईन्छ । वडागत रुपमा हेर्दा सबै वडाका घरपरिवारको मुख्य जीवनयापनको श्रोत भनेको कृषि पेशा रहेको देखिन्छ र वडा नं. ३ मा ३५९ घरपरिवार मध्ये १३ घरपरिवार आयश्रोत सरकारी तथा गैरसरकारी जागिर पनि रहेको देखिन्छ । गाउँपालिकाको पेशागत अवस्थाहेर्दा केही नगन्य घरपरिवार वाहेक अन्य घरपरिवारहरुले परम्परगत रुपमा खेतीपाती गर्ने गरेको देखियो । जसले गर्दा वेरोजगारीताको समस्या पनि रहेको प्रस्ट नै हुन्छ । त्यसकारण गाउँपालिकाका अब वन्ने योजनामा युवा स्वरोजगारमुलक कार्यक्रम तथा वजेटको तर्जुमा गरी परम्परागत पेशालाई व्यवसायिकता तिर लगाउन आवश्यक देखिन्छ । जसले गर्दा गाउँपालिकाको गरिवी निवारणमा टेवा पुग्नेछ ।

**तालिका नं. ६ पेशागत रुपमा घरधुरी विवरण**

| घरपरिवारको मुख्य पेशा | | | | | |
|---|---|---|---|---|---|
| वडा नम्बर | कृषि | सरकारी, गैरसरकारी जागिर | व्यापार | ज्यालामजदुरी | अन्य |
| १ | ४३९ | ३ | | | २ |
| २ | ४०३ | ३ | | | ४ |
| ३ | ३३७ | १३ | ३ | | ६ |
| ४ | ४९७ | ३ | १ | | ३ |
| ५ | ४३२ | २६ | ० | ० | ९ |
| ६ | ३२३ | ३ | ३ | ० | १ |
| जम्मा | २४३१ | ५१ | ७ | ० | २५ |
| जम्मा प्रतिशत | ९६.७० | २.०३ | ०.२८ | ०.०० | ०.९९ |

**चार्ट ४ पेशागत रुपमा घरधुरी विवरण**




## ६।७ वडागत घरमुलीको विवरण

जम्मा २५१४ घरमध्ये २३५६ अर्थात ९४ प्रतिशत घरपरिवारमा घरमूलीका रुपमा पुरुष रहेको देखिएको छ भने १५८ अर्थात ७ प्रतिशत घरमा मात्र महिला घरमुलीरुपमा रहेका छन् । वडागत रुपमा हेर्दा वडा नम्बर ६ मा अन्य वडाको तुलनामा महिला घरमुलीको संख्या केही वढी रहेको छ । सबैभन्दा कम घरमुली महिला भएको संख्या वडा नं. ५ हो जसमा कुल ४६७ घरधुरी मध्ये जम्मा १२ घरपरिवारमा महिला घरमुली रहेका छन् ।

**तालिका नं.७ लिंग अनुसार वडाको घरमुली विवरण**

| वडा अनुसार घरमुली विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **वडा नं.** | १ | २ | ३ | ४ | ५ | ६ | **जम्मा** | प्रतिशत |
| **जम्मा घरधुरी** | ४४४ | ४१० | ३५९ | ५०४ | ४६७ | ३३० | **२५१४** | १०० |
| **पुरुष घरमुली** | ४२४ | ३९३ | ३२३ | ४६९ | ४५५ | २९२ | **२३५६** | ९४ |
| **महिला घरमुली** | २० | १७ | ३६ | ३५ | १२ | ३८ | **१५८** | ७ |

**चार्ट ५ घरमुली विवरण**




## ६।८। अपांगताको अवस्था


गाउँपालिकाको कुल जनसंख्या १६६७८ मध्ये १.७ प्रतिशत व्यक्ति शारिरीक वा मानसिक अपांग रहेको पाईएको छ । जसमा महिला ०.९ प्रतिशत र ०.८ प्रतिशत पुरुष रहेका छन् । वडागत रुपमा हेर्दा

सवैभन्दा वढी अपांग भएका व्यक्ति वडा नं.६ मा रहेका छन् कुल अपांगता भएका व्यक्तिहरुमध्ये ३१ प्रतिशत रहेका छन् । त्यसैगरी सबैभन्दा कम अपांगता भएका व्यक्ति वडा नं. २ मा जम्मा ७.२३ प्रतिशत रहेको छ । अपांगता भएका कुल २४९ जनसंख्या मध्ये ९८ जनालेमात्र अपांगता परिचय पत्र प्राप्त गरेका छन् भने अझै १५१ जना अपांगता भएका व्यक्तिहरु गाउँपालिकाबाट परिचय पत्र पाउनबाट छुटेका छन् । त्यसकारण गाउँपालिकाले त्यस्ता अपांगता भएका व्यक्तिको परिचय पत्र उपलब्धताको लागी यथाशिघ्र पहल गर्नुपर्ने देखिन्छ र अपांगता भएका व्यक्तिहरुलाई पनि स्थानीय सरकारको प्रत्याभूति दिलाउनका लागी अपांगमैत्री क्रियाकलापको योजना गर्नुपर्ने देखिन्छ । अपांगता भएको व्यक्तिहरुको विवरण तल उल्लेखित चार्ट र तालिकाबाट हेर्न सकिन्छ ।

**तालिका नं.८ अपांगता भएका व्यक्तिको विवरण**

| वडा नं. | अपांगता भएका व्यक्तिको विवरण | अपांग महिला | अपांग पुरुष | अपांगता परिचयपत्र नभएका महिला | अपांगता परिचयपत्र नभएका पुरुष | अपांगता परिचयपत्र भएका महिला | अपांगता परिचयपत्र भएका पुरुष |
|---|---|---|---|---|---|---|---|
| १ | १९ | १० | ९ | ७ | ५ | ३ | ४ |
| २ | १८ | १० | ८ | १० | ८ | ५ | ४ |
| ३ | ७० | २४ | ४६ | ५ | १४ | १९ | ३२ |
| ४ | ६५ | ४८ | १७ | २२ | १७ | २६ | ११ |
| ५ | ३१ | १४ | १७ | १० | १४ | ४ | ३ |
| ६ | ७७ | ३८ | ३९ | १८ | १८ | २० | २१ |
| **जम्मा** | २८० | १४४ | १३६ | ७२ | ७६ | ७७ | ७५ |
| **प्रतिशत (%)** | १.७ | ०.९ | ०.८ | ०.४ | ०.५ | ०.४ | ०.४ |

**चार्ट ६ अपांगता भएका व्यक्तिको विवरण**



## ६।९। व्यक्तिगत घटना र नागरिकता सम्वन्धि

यस गाउँपालिकाका सम्पूर्ण वडाको व्यक्तिगत घटना विवरण जन्म, मृत्यु, वसाँईसराई, विवाह र सम्वन्ध विच्छेदको अवस्था हेर्दा जम्मा १७६ जनाको मात्र घटनादर्ता नभएको पाईयो । जसका लागी वडाले घटनादर्ता गराउनका लागी जनचेतनामुलक कार्यक्रमगर्न पनि आवश्यक देखिन्छ । त्यसैगरी नागरिकता पाउने उमेरभएका मध्ये ४९० जनाले हाल सम्म पनि नागरिकता प्राप्त गरेको देखिएन । उक्त व्यक्तिहरुले नागरिकता नपाउनुको कारण पत्ता लगाई सम्वन्धित वडाहरुले उनीहरुलाई नागरिकता दिलाउनका निमित्त पहल गर्नुपर्ने देखिन्छ । नागरिकता नपाउनेमा सबैभन्दा वढी वडा नं.६ का नागरिकहरु रहेका छन् भने सबैभन्दा कम वडा नं.४ मा छन ।

तालिका नं. ९ वडा अनुसारको व्यक्तिगत घटना विवरण

| व्यक्तिगत घटना विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडा नं.** | १ | २ | ३ | ४ | ५ | ६ | **जम्मा** |
| **नागरिता नभएको संख्या** | ६६ | ३५ | १०३ | २९ | ८१ | १७६ | ४९० |
| **जन्म, मृत्यु बिबाह दर्ता नभएका** | ८ | ८० | २४ | ० | ३३ | ३१ | १७६ |

श्रोतः घरधुरी विवरण २०७५

तालिका नं. १० : आर्थिक वर्ष २०७४।०७५ को पञ्जिकरणको विवरण :

| **आर्थिक वर्ष २०७४।०७५ को पञ्जिकरणको विवरण** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **२०७४/७५ को** | **जम्मा दर्ता संख्या** | **महिला** | **पुरुष** |
| १. | जन्म दर्ता | | | | |
| १.१ | ५ वर्ष सम्मका | | २३७ | १२२ | ११५ |
| १.२ | ५ वर्षदेखि १८ वर्ष सम्मका बालबालिका | | ९७९ | ४६० | ५१९ |
| २. | मृत्यु दर्ता | | १०८ | ३१ | ७७ |
| ३. | सम्बन्ध बिच्छेद | | | | |
| ४. | बसाईसराई | | १९३ | ९० | १०३ |
| ५. | बिबाह दर्ता | | २४० | ० | ० |
| **जम्मा** | | | **१७५७** | **७०३** | **८१४** |


### ६।१०। सामाजिक सुरक्षाबाट लाभान्वित वितरण

यस गाउँपालिकाका ६ वटै वडाहरुबाट ९६९ नागरिकहरुले सामाजिक सुरक्षा भत्ता पाउदै आएका छन । यसमा दलितका पाँचवर्षमुनिका वालवालिकालाई दिईने पोषण भत्ता जोडिएको छैन । यस गाउँपालिकाको जम्मा जनसंख्या मध्ये ३४८ एकल महिलाले सामाजिक सुरक्षा भत्ता पाउदै आएका छन् जसमा सवैभन्दा वढी वडा नं.३ का ९५ महिलाहरु रहेका छन् भने सबैभन्दा कम २० जना वडा नं. २ मा रहेका छन् । त्यसैगरी जेष्ठ नागरिकको कुल जनसंख्या ७२६ मध्ये ४९२ जेष्ठ नागरिकले मात्र सामाजिक सुरक्षा भत्ता लिईरहेका छन् जसमा महिला २५८ र पुरुष २३४ रहेका छन् । भने अपांगता भएकाको कुल जनसंख्या २८० मा जम्मा १२९ जनाले मात्र सामाजिक सुरक्षा भत्ता पाइरहेका देखिन्छ । सामाजिक सुरक्षा भत्ताका लागी दर्ता गर्न छुटेकाको निमित्त गाउँपालिकाका प्रत्येक वडाले सुचना प्रवाह गर्नुपर्ने देखिन्छ । प्रत्येक आर्थिक वर्षमा दर्ता गर्न छुटेका र दोहोरिएकको विवरण अद्यावधिक गरि सेवा सामाजिक सुरक्षा भत्ताको सुविधा उपलब्ध गराउनुपर्ने देखिन्छ ।

**तालिका नं. ११ वडा अनुसार सामाजिक सुरक्षा भत्ताको पाएकाको विवरण**

| सामाजिक सूरक्षा भत्ता पाउनेहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. | एकल महिला | जेष्ठ पुरुष | जेष्ठ महिला | अपांग महिला | अपांग पुरुष |
| १ | ५२ | २३ | ३९ | ४ | ४ |
| २ | २० | १७ | १७ | ५ | ४ |
| ३ | ९५ | ४८ | ७८ | १८ | ३१ |
| ४ | ६९ | ६७ | १० | १९ | ११ |
| ५ | ६६ | ३४ | ५३ | ५ | ६ |
| ६ | ४६ | ४५ | ६१ | ८ | १४ |
| जम्मा | ३४८ | २३४ | २५८ | ५९ | ७० |

**चार्ट ७ वडागत सामाजिक सुरक्षा विवरण**



## ६।११। वडा र गाउँपालिकाबाट गरिएको विभिन्न प्रकारका सिफारिसको विवरण

आर्थिक वर्ष २०७४।०७५ मा लेकम गाउँपालिका र मातहतका वडाहरुबाट १२१९ वटा विभिन्न खालका सिफारिस भएको देखिन्छ। जसमा सबैभन्दा वढी नागरिकताको सिफारिस भएको पाईन्छ। जम्मा ३० वटा नक्सामात्र गाउँपालिकाबाट भएको देखिन्छ । वडातहमा नै यस्ताखालका सिफारिसको सुविधाले गरिब, असहायहरुको पनि सहज पहुँच भएको देखिन्छ ।

**तालिका नं.१२ सिफारिसको विवरण**

| क्र.सं. | विवरण | सिफारिस संख्या |
|---|---|---|
| १. | नागरिकता सिफारिस | ८८३ |
| २. | नाता प्रमाणित | ४४ |
| ३ | अन्य सिफारिस | २६२ |
| ४ | नक्सापास संख्या | ३० |
| | जम्मा सिफारिस संख्या | १२१९ |

श्रोत: वडा कार्यालयहरु

# खण्ड - ४

# सामाजिक अवस्था

## ७। शैक्षिक अवस्था


### ७१। लिंगका आधारमा शैक्षिक अवस्था

यस गाउँपालिकाको कुल जनसंख्या १६६७८ मध्ये ७६ प्रतिशत मानिसहरु साक्षर भएको पाईयो जसमा महिला साक्षरता दर ३५.०६ प्रतिशत र पुरुष ४२.१७ प्रतिशत साक्षर रहेका छन् । जसमा सामान्य लेखपढ गर्न सक्ने कुल साक्षर जनसंख्या संख्यामा ८४ प्रतिशत जनसंख्या रहेको छ, त्यसैगरी ११ प्रतिशत जनसंख्याले एस.एल.सि वा एस.ई.ई पास गरेको छ भने जम्मा ४ प्रतिशत जनसंख्याले १० जोड २ वा सो भन्दा माथीको शिक्षा हासिल गरेका छन् । त्यसैगरी कुल जनसंख्यामा ५६.३८ प्रतिशत जनसंख्याले सामान्य लेखपढ गर्न सक्छन्, ८.३७ प्रतिशत जनसंख्याले एस.एल.सि वा एस.ई.ई पास गरेको छ भने ३.४८ प्रतिशत जनसंख्या मात्र उच्चशिक्षाबाट लाभान्वित भएको पाईन्छ । एस.ई.ई. पास हुने वित्तिकै पुरुषहरु रोजगारीका लागी गाउँभन्दा वाहिर जानु पनि एक कारण हुन जान्छ ।

तालिका नं.१३ वडागत साक्षरता विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| निरक्षर महिला | २५० | २९७ | १४९ | ३८४ | ४३३ | ४४४ | १९५७ |
| निरक्षर महिला प्रतिशत (%) | १.४९ | १.७८ | ०.८९ | २.३० | २.६ | २.६६ | ११.७३ |
| निरक्षर पुरुष | ११३ | २१४ | २७ | १९५ | १७६ | २२७ | ९५२ |
| निरक्षर पुरुष प्रतिशत (%) | ०.६८ | १.२८ | ०.१६ | १.१७ | १.०६ | १.३६ | ५.७१ |
| साक्षर महिला | ९८६ | ४६७ | ८०५ | १०६२ | ८६३ | ८०१ | ४९८४ |
| साक्षर पुरुष | ११०४ | ५२० | १०१८ | १३१९ | १००८ | ९५१ | ५९२० |
| SEE शिक्षित महिला | ९० | १२२ | १३८ | १६६ | १२२ | ११९ | ७५७ |
| SEE शिक्षित पुरुष | १५६ | १३३ | १३६ | १९९ | १२ | ३ | ६३९ |
| उच्च शिक्षा महिला | ० | ० | ३० | ७७ | ० | ० | १०७ |
| उच्च शिक्षा पुरुष | ३५ | ५२ | ९ | ० | २७० | १०८ | ४७४ |
| जम्मा शिक्षित महिला | १०७६ | ५८९ | ९७३ | १३०५ | ९८५ | ९२० | ५८४८ |
| महिला साक्षरता दर (%) | ६ | ४ | ६ | ८ | ६ | ६ | ३५.०६ |
| जम्मा शिक्षित पुरुष (%) | १२९५ | ७०५ | ११६३ | १५१८ | १२९० | १०६२ | ७०३३ |
| पुरुष साक्षरता दर | ८ | ४ | ७ | ९ | ८ | ६ | ४२.१७ |
| कुल साक्षरको संख्या | २३७७ | १२९८ | २१४२ | २८३१ | २२८१ | १९८८ | १२९१६ |
| साक्षर प्रतिशत (%) | १४ | ८ | १३ | १७ | १४ | १२ | ७७ |

चार्ट ८ लिंगका आधारमा साक्षरतादर




## ७.२। तहगत रुपमा विद्यालय तथा विद्यार्थि विवरण


लेकम गाउँपालिकामा रहेका कुल ४६ विद्यालयहरुमा प्राथमिक तह देखि माध्यमिक तह सम्म कुल ३८९७ विद्यार्थिहरु पठनपाठन गरिरहेका छन् । जसमा छात्र ४९.९ प्रतिशत र छात्रा ५०.१ प्रतिशत रहेका छन् । त्यसैगरी प्राथमिक तहमा छात्र र छात्राहरु वरवर संख्या अर्थात ५०/५० प्रतिशत रहेका छन्, निम्नमाध्यमिक तहमा ४९ प्रतिशत छात्र र ५१ प्रतिशत छात्राहरु रहेका छन् भने माध्यमिक तहमा पनि छात्र, छात्राको संख्या ५०/५० नै रहेको देखिन्छ । यसरी हेर्दा निम्न माध्यमिक तहमा विद्यालय छोड्ने वा अन्य केही कारणले गर्दा छात्र र छात्राको विचको संख्यामा केही फरक देखिएको छ । समग्रमा हेर्दा कम्तीमा पनि विद्यालय तहसम्म छोराछोरीलाई विद्यालय पठाएको देखियो ।

तालिका नं.१४ तहगत रुपमा विद्यार्थि विवरण

| तह | सरकारी विद्यालय | | | | नीजि विद्यालय | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा | छात्र | छात्रा | जम्मा | कक्षा | छात्र | छात्रा | जम्मा | |
| आधारभूत तह | १ | ३३९ | ३३६ | ६६५ | ० | ० | ० | ० | |
| | २ | १८३ | १६७ | ३५० | ० | ० | ० | ० | |
| | ३ | १९१ | १६६ | ३५७ | ० | ० | ० | ० | |
| | ४ | १७४ | १९१ | ३६५ | ० | ० | ० | ० | |
| | ५ | १७३ | २०१ | ३७४ | ० | ० | ० | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | **१०६०** | **१०६१** | **२१११** | **०** | **०** | **०** | **०** | **०** |
| प्रतिशत (%) | | **५०** | **५०** | **१००** | | | | | |
| **नि.मा. वि** | ६ | १८६ | २०७ | ३९३ | ० | ० | ० | ० | |
| | ७ | १७० | १७७ | ३४७ | ० | ० | ० | ० | |
| | ८ | १९६ | १८० | ३७६ | ० | ० | ० | ० | |
| **जम्मा** | | **५५२** | **५६४** | **१११६** | **०** | **०** | **०** | **०** | **०** |
| **प्रतिशत** | | **४९** | **५१** | **१००** | | | | | |
| **मा.वि.** | ९ | १८० | १७१ | ३५१ | ० | ० | ० | ० | |
| | १० | १५३ | १६६ | ३१९ | ० | ० | ० | ० | |
